सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १०७ ♦ २०८० साल पुस २२ गते आइतवार ♦ 7 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com



एभरेष्ट चिनी उद्योगले उखु उपलब्ध गराउने किसानलाई तत्कालै भुक्तानी दिन थाले । पेज ३

# बरहथवा घटना : यसैवर्ष बुहारी भित्र्याउने 'विधवा' आमाको इच्छा नपुऱ्याउँदै प्रहरीको गोलीले ढले जयशंकर

**अजय कुमार साह**

**पुस २१ गते, सर्लाही**



सर्लाहीको बरहथवा नगरपालिकामा प्रहरीको गोली लागेर मृत्यु भएका जयशंकर साहको शव अझै सडकमै छ।

प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने/नगर्ने विषयमा जनप्रतिनिधिबीच विवाद चर्केपछि नेकपा एमालेबाहेकका ५ दलले सुरु गरेको आन्दोलनको क्रममा शुक्रबार प्रहरीको गोली लागि बरहथवा नगरपालिका ६ बस्ने ३० वर्षीय साहको मृत्यु भएको हो।

शुक्रबार आन्दोलनकारी तोडफोड र आगजनीमा उत्रेपछि प्रहरीले स्थिति नियन्त्रणमा लिने प्रयास गऱ्यो। सोही क्रममा प्रहरीले गोली चलाउँदा साहको मृत्यु भयो।

साह बंगलादेशमा एमबीबीएस पढ्दै थिए। तर तीन वर्ष अगाडि बुवा बंगालीराम साहको निधन भएपछि उनले पढाई छाड्नु परेको थियो। हाल घरमा एक्लो छोरा भएकाले एमबीबीएस बन्ने सपना छाडेर बुवाले गरेको व्यवसाय सम्हाल्दै आएका थिए।

साह आन्दोलन र ढुंगामुढाप्रति चासो राख्ने र त्यस्ता कार्यक्रममा सहभागी हुने मान्छे थिएनन्। 'उनी मेडिकलका विद्यार्थी हुन्। प्लसटुपछि एमबीबीएस पढ्न बंगलादेश गएका थिए। दुई वर्षअघि बुवा बितेपछि एमबीबीएसको पढाईलाई थाँती राखेर यता आएका हुन्,' जयशंकरका छिमेकीसमेत रहेका बहरथवा-६ का वडाध्यक्ष मोहम्मद अफ्ताब आलमले भने, 'शुक्रबार दिउँसो बिजुलीको बिल तिर्न गएको बेला उसलाई प्रहरीले चलाएको गोली लाग्यो। उसको शव अहिले पनि घटनास्थलमै छ। उनले पार्किङ गरेको राखेको बुलेट बाइक अहिले पनि बिजुली अफिस अगाडि नै ठडिइराखेको छ।'

नगरपालिकाको वडा नं. ५ स्थित इलाका प्रहरी कार्यालय बरहथवा नजिकैको साह परिवारले सर्लाही होटल सञ्चालन गरेका छन्। बुवा बितेपछि एक्ला छोरा जयशंकरले नै त्यो होटल सम्हालेका थिए। बुवाले सञ्चालन गर्दै आएको ब्रोइलर कुखुरा (कुखुरा, चल्ला र दाना) को कारोबारलाई पनि उनले निरन्तरता दिएका थिए।

'बुवाको मृत्युपछि उनले एमबीबीएसको पढाइ पूरा गर्न पाएनन्। युवा व्यवसायीको रुपमा आफूलाई स्थापित गर्दै थिए,' वडाध्यक्ष आलमले भने,

*बाँकी पृष्ठ २ मा*

## मृतकका परिवारलाई १० लाख क्षतिपुर्ति दिइने, छानबिन समिति गठन

सरकारले बरहथवा घटनाको छानबिनका लागि तीन सदस्यीय समिति गठन गरेको छ।

गृहमन्त्रालयले प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएको बरहथवा घटनाको सत्यतथ्य छानबिनका लागि तीन सदस्यीय समिति बनाएको हो।

मन्त्रालयले मृतकको परिवारलाई राहतस्वरुप १० लाख रुपैयाँ उपलब्ध गराउने निर्णयसमेत गरेको छ।

गृह मन्त्रालयका सहसचिव थानेश्वर गौतमलाई समितिको संयोजकमा तोकिएको छ। सदस्यहरूमा प्रहरी महानिरीक्षक सुरेन्द्र मैनाली र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक भीमबहादुर बुढाथोकी रहेके गृह मन्त्रालयले जनाएको छ।

प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नति गर्ने विषयमा विवाद हुँदा शुक्रबार सर्लाहीमा प्रदर्शन भएको थियो। प्रदर्शनका क्रममा बरहथवा नगरपालिका-५ मा




३० वर्षीय जयशंकर साहको मृत्यु भएको थियो।

## तरुण दलले निकाल्यो लालबन्दीमा मसाल जुलुस

शुक्रबार बरहथवामा प्रहरीको गोली लागि एक युवकको मृत्यु भएपछि त्यसको चौतर्फी विरोध भएको छ। यसै क्रममा घटनाको विरोधमा तरुण दलले पनि लालबन्दीमा मसाल जुलुस निकालेको छ।

तरुण दलका केन्द्रीय सदस्य विभुसिंह थापाको नेतृत्वमा लालबन्दीमा विरोध गरिएको हो। तरुण दलमा आवद्ध युवाहरुले लालबन्दीमा शनिवार साँझ मसाल जुलुस प्रदर्शन गर्दै



घटनाको विरोध जनाएका हुन्।

उनीहरुले घटनाको सत्यतथ्य छानविन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गर्दै विरोध जनाएको तरुण दलका एक सदस्यले बताएका छन्।

बरहथवामा प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतीको विषयलाई लिएर भएको विरोध प्रदर्शनका क्रममा प्रहरीको गोली लागि स्थानीय जयशंकर साहको मृत्यु भएको थियो।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# बरहथवा घटना : यसैवर्ष बुहारी भित्र्याउने ..........

'यसैवर्ष उनको विवाह हुने कुरा थियो। छोराको विवाह गरेर बुहारी भित्र्याउने विधुवा आमा र चार दिदीबहिनीको सपना जयशंकरसँगै ढलेका छन्।'

'मेरो मामा आन्दोलनमा जानु भएको थिएन', मृतक साहका भान्जा विवेकले भने, 'बाटो हिँडिर हेको क्रममा प्रहरीले चलाएको गोली मामालाई लाग्यो । टाउकोमै ताकेर गोली हानिएको छ ।'

साहलाई विद्युत प्राधिकरण कार्यालयनजिक गोली लागेको हो । उक्त स्थान आन्दोलन भएको स्थानदेखि करिब ३/४ सय मिटर दूरीमा छ । विवेकले प्रश्न गरे, 'आन्दोलन भएको ठाउँमा कसैलाई गोली लागेन । तर ३/४ सय मिटर दूरीमा मेरै मामालाई कसरी लाग्यो ? यसको छानबिन हुनुपर्छ ।'

उनले हवल्दार सोनेलाल यादवले गोली चलाएको आरोप पनि लगाए । उनले भने, 'हवलदार यादव होटलमा आएर जहिल्यै सित्तैमा खान चाहन्थे । यो विषयलाई लिएर उनीसंग एकपटक झगडा परेको थियो । त्यसैले रिसईबीले उनले नै मामामाथि गोली चलाएको हुनसक्छ ।'

मृतक साहको शव कुरेर उनका परिवारका सदस्यहरु र आफन्तहरु कठाङ्गिदो चिसोमा सडकमै आगो बालेर बसिरहेका छन्। प्रहरीहरु करिब ३/४ सय मिटरको दूरीमा छन् । प्रशासनले कर्फ्यू लगाएकाले घरबाट कोही निस्केका छैनन् ।

## जनप्रतिनिधिको घमण्ड र कांग्रेस-एमाले बीचको जुँगाको लडाइँले बरहथवामा हिंसा निम्तियो

बरहथवा नगरपालिकाको कार्यपालिका बैठकले गत असोजमै प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्ने निर्णय गरेको थियो। तर पछि नगरप्रमुख कल्पना कुमारी कटुवाल र उपप्रमुख रामबाबु प्रसाद साहले निर्णय कार्यान्वयन गर्न चाहेनन् । नगरप्रमुख र उपप्रमुख नेकपा एमालेका छन् । त्यहाँ १८ वटा वडा छन् । अधिकांश जनप्रतिनिधिले प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० वेडमा स्तरोन्नति गर्नुपर्ने अडान लिए । उनीहरु नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न नगरप्रमुख र उपप्रमुखलाई दबाब दिन थाले । शुक्रबार नगरप्रमुख र उपप्रमुखले बैठक डाकेका थिए । तर एमाले बाहेकका ५ दलले आन्दोलन सुरु गरे । आन्दोलनमा उत्रेकाहरु तोडफोडमा उत्रिए । गाडी पनि जलाए । त्यसपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन गोली चलाउँदा साहको मृत्यु भयो।

वडा नम्बर ६ का वडाध्यक्ष मो. आफताब आलमले नगरप्रमुख कटुवालको आनाकानी कै कारण आन्दोलन चर्केको बताए । उनले भने, 'गरिसकेको निर्णय कार्यान्वयन हुनुपर्छ नि । तर नगरप्रमुख र उपप्रमुखले आनाकानी गरेपछि यस्तो ठूलो घटना घटेको छ ।'

अस्पतालको आवरणमा मुख्य रुपमा नेपाली कांग्रेस र नेकपा एमालेबीचको राजनीतिक द्वन्द्वले यतिबेला बरहथवामा हिंसा निम्तिएको एकाथरीको आरोप छ ।

बरहथवा- ६ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शैय्याको प्रदेश अस्पतालको रुपमा विकास गर्नुपर्ने कांग्रेसको अडान र त्यो प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेश मातहत लैजान नहुने, नगर अस्पतालकै रुपमा विकास गर्नुपर्ने एमाले बीचको जुँगाको लडाइँले बरहथवामा हिंसा निम्तिएको घटनाक्रमलाई नजिकबाट बुझ्नेकाहरु बताउँछन्।

घटनापछि शुक्रबार साँझ कांग्रेस र एमालेले छुट्टाछुट्टै विज्ञप्ति जारी गरेर बरहथवामा १ जनाको मृत्यु र १० जना घाइते हुनेगरी भएको घटनाको दोष एकअर्कालाई थोपरेका छन्। नेपाली कांग्रेसका सर्लाही जिल्ला सभापति सुरेन्द्रप्रसाद सिंह र एमालेका जिल्ला अध्यक्ष राजनारायण साहले जारी गरेको विज्ञप्तिमा घटना हुनुमा एकअर्कालाई दोष लगाइएको छ।

## घटना पछाडिको रहस्य यस्तो छ

बरहथवा- ६ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शैय्याको अस्पतालको रुपमा विकास गर्नका लागि मधेस प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय गएको असोज ९ गते बसेको बरहथवा नगर कार्यापालिका बैठकले गरेको थियो।

बरहथवा क्षेत्रबाट निर्वाचित कांग्रेसका प्रदेश सांसद वीरेन्द्र सिंह यतिबेला मधेश प्रदेश सरकारमा स्वास्थ्यमन्त्री छन्। उनै सिंहले आफू मन्त्री भएपछि बरहथवाको प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शैय्याको अस्पतालको रुपमा विकास गर्न आफूले बजेट हाल्दिने प्रस्ताव मेयर कल्पना कटुवालसँग गरेका थिए ।

त्यसका लागि नगर कार्यपालिकाले निर्णय गर्नुपर्ने प्रस्ताव प्रदेशमन्त्री सिंहले गरेपछि मेयर कल्पनाले ९ असोजमा कार्यपालिका बैठक राखेर प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालको रुपमा विकास गर्न प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय गराएकी थिइन्।

तर, आफूले तीन महिनाअघि गरेको निर्णयबाट उनी अहिले पछि सर्दा बरहथवामा हिंसा निम्तिएको कांग्रेसका नेताहरुको आरोप छ।

'गएको असोज ९ गते नगर कार्यपालिका बैठकले सर्वसम्मत रुपमा नगर अस्पताल प्रदेश सरकारलाई हस्तान्तरण गर्ने भनेर गरेको निर्णय उहाँ (मेयर कल्पना कटुवाल)ले यही पुस १७ गते कार्यपालिका बैठक राखेर बहुमतको बलमा उल्ट्याउनु भयो,' कांग्रेसबाट निर्वाचित बरहथवाका- ६ वडाध्यक्ष मोहम्मद अफ्ताब आलमले भने, 'बरहथवा अस्पताल ५० शैयाको बन्दा त्यसको जस कांग्रेसलाई जान्छ भनेर उहाँ आफ्नो निर्णयबाट ब्याक हुँदा यस्तो अवस्था सिर्जना भयो।'

तर सन्दर्भमा एमालेका बरहथवा नगर कमिटी अध्यक्ष अमरेन्द्र सिंह भने पहिला नगर कार्यपालिकाले सोचविचार नगरी गरेको निर्णय १७ गतेको कार्यपालिका बैठकले सच्याएको बताए।

'हामीले सम्बन्धित निकायमा बुझ्दा नगर कार्यपालिकाले आफू मातहतको अस्पताल प्रदेश सरकारलाई हस्तान्तरण गर्न मिल्दैन भन्ने कुरा आयो,' वडाअध्यक्ष सिंहले भने, 'त्यसपछि १७ पुसमा बसेको कार्यपालिका बैठकले असोज ९ को निर्णयलाई स्थगित गरी त्यस विषयमा सर्वपक्षीय बैठकपछि मात्रै अर्को निर्णय गर्ने भनेको थियो।'

उनले भने, '२० पुसमा मेयर साहेबले सर्वदलीय बैठक बोलाउनुभएको थियो। तर, बैठक बस्नै नदिइ कांग्रेसको नेतृत्वमा छलफललाई प्रभावित गर्ने गतिविधि बरहथवामा भयो।'

कांग्रेससहितका राजनीतिक दलले मेयर कल्पना कटुवालको अपरिपक्व व्यहारको कारण बरहथवामा हिंसात्मक झडप भएको आरोप लगाएका छन्। यस विषयमा बुझ्न खोज्दा मेयर कटुवाल भने सम्पर्कमा आउन चाहिनन्।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**सम्सी गाउँपालिका**
**महोत्तरी**


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष -** काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

**वृष-** मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग

**मिथुन-** आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कर्कट -** दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**सिंह -** साताको सुरुमा शत्रुले दु:ख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**कन्या -** सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।उपहारआदी प्राप्त हुनेछ ।

**तुला -**परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**वृश्चिक -**स्वास्थ्य प्रतिकूल र हने, यात्रामा बाधा आउनेछ । र ोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**धनु -** मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**मकर -**सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**कुम्भ -**चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मीन -**काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एभरेष्ट चिनी उद्योगले उखु उपलब्ध गराउने किसानलाई तत्कालै भुक्तानी दिन थाले

**सुनिता बराल**

**पुस २१ गते, महोत्तरी**

महोत्तरीको गौशला नगर पालिका स्थित एभरेष्ट चिनी उद्योगले उखु उपलब्ध गराउने किसानलाई तत्कालै भुक्तानी दिन थालेको छ। पुष ४ गतेबाट सञ्चालनमा आएको उद्योगले १६ गतेसम्म उद्योगलाई उखु दिने किसानको १९ करोड भुक्तानी गरिसकेको छ ।

उद्योग सञ्चालनमा आएको ११ दिनमा क्रसिङ भएको ५ लाख क्विन्टलभन्दा बढी उखुको मुल्य किसानलाई भुक्तानी गरिसकेको एभरेष्ट सुगर एण्ड केमिकल इन्डष्ट्रिज प्रालिका प्रशासकीय प्रमुख जितेन्द्र कुमार मिश्रले बताए । नगदे बाली भनेर लगाएको उखु उधारो दिएर प्रत्येक वर्ष भुक्तानीका लागि आन्दोलन गर्न बाध्य किसान यसवर्ष हातहातै भुक्तानी पाएपछि खुसी छन् ।

गौशाला भरतपुरका जयनाथ महतो उखु दिएको ३ दिनमै उद्योगले भुक्तानी गरेको भन्दै खुसी छन्। उधोगले हाताहाती भुक्तानी गरे किसानले छोड्दै गएको उखु खेती पुन बढ्ने उनी बताउँछन् । ‘उखु लिनेसाथै भुक्तानी गर्दा ममात्रै होइन, सबै किसानहरु उद्योगप्रति खुशी हुन्छन्,’ उनले भने, ’भुक्तानी हुन थाल्यो भने यहाँबाट मात्रै होइन, अन्य जिल्लाबाट पनि उखु आइहाल्छ ।’

उद्योगले भुक्तानी दिने भएपछि महोत्तरीभन्दा बाहिरबाट समेत किसानले एभरेष्ट उद्योगलाई उखु उपलब्ध गराउन थालेका छन् । सर्लाही कविलासी अगर्बाका किसान राजनारायण महतोले यसैवर्षबाट एभरेष्टमा उखु ल्याउन थालेको बताए । जिल्लाको चिनी उद्योगले भुक्तानी नदिएपछि आन्दोलन गर्दा गर्दै थाकेको उनको भनाइ छ ।

एभरेष्ट उद्योगले अघिल्लो वर्ष पनि किसानको भुक्तानी सहजै दिएको र यसवर्ष पनि किसानलाई हाताहाती भुक्तानी गर्छ भनेको सुनेपछि यसैवर्षबाट उखु ल्याएको उनले बताए । भुक्तानीमै समस्याका कारण ५ बिघामा गर्दै आएको उखु खेती यस वर्ष २ बिघामा मात्रै गरेको उनको भनाइ छ । उद्योगका महाप्रबन्धक सुरेन्द्र प्रसाद सुक्ला किसानले उखुको मुल्य भुक्तानीमा समस्या खेप्दै गएपछि घट्दै गएको उखु खेती बढाउनेतर्फ पनि ध्यान दिनुपर्ने अवस्था आएको बताउँछन् ।

किसानका गुनासा सुन्ने, समयमै समावेशी तबरबाट कटान पुर्जी दिने, उद्योग क्षेत्रमा आएका सवारीलाई नीतिगत तबरबाट सहज गरिदिने, उखु ल्याउने किसान र सवारी चालकलाई पानि र शौचालयको उचित प्रबन्ध गर्ने काम उद्योगले गरेको उनले बताए ।



गतवर्ष एभरेष्ट उद्योगले २६ हजार क्विन्टल उखु क्रसिङ गरेको थियो। यस वर्ष ३० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको उद्योगले २०७२/०७३ सम्म ५८ लाख क्विन्टलसम्म उखु क्रसिङ गरेको महाप्रबन्धक सुक्लाले जानकारी दिए । सर कारले बाहिरी देशबाट चिनी आयात नगरे किसानलाई भुक्तानी गर्न उद्योगलाई समस्या नहुने सुक्ला बताउँछन् ।

’यसवर्ष भुक्तानीमा समस्या छैन । उद्योग सञ्चालन भइर हेको समयमै किसानले भुक्तानी पाइसक्छन्,’ उनले भने ।

### सरकारसँग किसानका असन्तुष्टि कायमै

सरकारले यस वर्षको उखुको मुल्य एकलौटी तोकेको भन्दै किसानहरु सरकारसँग भने असन्तुष्ट छन् । किसानका माग सम्बोधन नगरी सरकारले चिनीको मुल्य निर्धारण गरेको भन्दै किसानहरुमा असन्तुष्टि र हेको उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेश सिंह कुशवाहले बताए ।

चिनी होलसेलमा ७० मा बिक्री गर्दा ५ सय ६५ मुल्य कायम गरेको सरकारले चिनी होलसेलमै सयमा बिक्री हुँदा पनि उखुको मुल्य निर्धारणमा किसानको माग सम्बोधन नगरेको कुशवाहले बताए ।

सरकारले दिने उखुको अनुदान मुल्य दिन पनि सरकारले निकै ढिलाई गर्ने गरेको किसानको गुनासो छ । गतवर्षको अनुदान मुल्य यसवर्षको कार्तिक महिनामा भुक्तानी दिएको भन्दै मुल्य तोक्न र अनुदान रकम दिन पनि सरकार अनुदार देखिएको उखु किसान रामछबिला महतो गुनासो गर्छन् ।

# ब्याडमिन्टन सङ्घ बर्दिबासमा नयाँ नेतृत्व

**खबर दर्पण समाचारदाता**

**पुस २१ गते, बर्दिवास**

ब्याडमिन्टन सङ्घ बर्दिबासले नयाँ नेतृत्व पाएको छ। सङ्घको आज शुक्रबार सम्पन्न प्रथम नगर अधिवेशनले पोषण थापाको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको हो ।

अधिवेशनले विजयकुमार महतो र केदार शर्मा (दिपक) लाई उपाध्यक्ष, अरुणकुमार चौधरी, चन्द्रबहादुर खड्का र सन्तोस श्रेष्ठलाई क्रमशः कोषाध्यक्ष, सचिब र सहसचिब चयन गरेको छ । यसअघि तदर्थ समितिबाट ब्याडमिन्टन गतिविधि संयोजन हुँदै आएको थियो। अधिवेशनले नौ सदस्यीय नगर समिति चयन गरेको छ। यसैगरी समितिका सदस्यमा गयाप्रसाद गुप्ता, दिक्पाल गौतम, श्याम साह, देवेन्द्र थिङ् , शङ्कर श्रेष्ठ, चौधरी महतो, दिपक खड्का र ईश्वरी पन्त हुनुहुन्छ। त्यसैगरी सल्लाहकार मा कृष्णप्रसाद गौतम, हीरालाल गौतम र विष्णु खड्का चयन हुनु भएको छ।

अधिवेशनमा बर्दिबास नगरप्रमुख प्रह्लादकुमार क्षत्री, नेपाल ब्याडमिन्टन सङ्घका केन्द्रीय सदस्य महेश श्रेष्ठ, जिल्ला अध्यक्ष वरुण दाहाल र होटल तथा पर्यटन व्यवसायी सङ्घ मधेश प्रदेश अध्यक्ष हीरालाल गौतमसहितले नयाँ कार्य समितिका पदाधिकारी तथा सदस्यलाई बधाइ ज्ञापन गर्दै यस कार्यकालमा ब्याडमिन्टन खेलको संस्थागत विकासका लागि शुभकामना दिनुभयो ।

बर्दिबासमा अत्याधुनिक ब्याडमिन्टन भवन निर्माण भएको छ। मुख्य भवन निर्माण कार्य सम्पन्न भएपनि सवारी पार्किङ्ग स्थल र चारैतिर पक्की घेराबेरा (पर्खाल) निर्माणको काम बाँकी रहेको ब्याडमिन्टन भवन निर्माण समितिका अध्यक्ष विष्णु खड्काले जानकारी दिनुभयो ।

बर्दिबासमा दुई करोडको लागतमा निर्मित भवनमा मधेश प्रदेश सरकारबाट एक करोड, बर्दिबास नगरपालिकाबाट ५३ लाख र ४७ लाख खेलाडीहरुबाट सहयोग प्राप्त भएको भवन निर्माण समितिले जनाएको छ। बर्दिबास नगरमा ब्याडमिन्टनको नियमित अभ्यास गर्ने ५० भन्दा बढी खेलाडी छन् ।

# आदिवासी जनजाती महासंघ महोत्तरीको अध्यक्षमा श्रेष्ठ चयन



**खबर दर्पण समाचारदाता**

**पुस २१ गते, बर्दिवास**

नेपाल आदिवासी जनजाती महासंघका केन्द्रिय उपाध्यक्ष युबराज जिरेलले आदिवासी जनजातीलाई उत्पादन तथा बजारीकरणसंग जोडन सकेमात्र जनजातीमा सम्बृद्धि आउने बताएका छन ।

महोत्तरीको बर्दिवासमा शनिवार आयोजित आदिवासी जनजाती महासंघको छैठो जिल्ला अधिवेशनलाई सम्बोधन गर्ने क्रममा उनले सो कुरा बताएका हुँन। उनले आदिवासी जनजाती नेपालको धर्मपुत्र रहेको भन्दै आदिमकालदेखी बसोवास गर्दै आएको जनजातीको केहि अधिकार प्रजातन्त्र र लोकतन्त्रले ल्याएको प्रस्ट पारे ।

जिरेलले तिनथरी भुगोल मिलेर बनेको देशमा बिबिध भषा संस्कृती र पोशाक रहेको भन्दै एकले अर्काको अधिकार र धर्मको सम्मान गर्नुपर्ने जनाए। उपाध्यक्ष जिरेलले पृथ्वीनारायण शाहको दिब्य उपदेशको स्मरण गर्दै नेपाल बिबिध जातजातीको साझा फुलवारी भएको बताए ।

उनले नेपालका केहि शाशकहरुले जातमा भाषामा र अधिकारमा बिभेद गरेकै कारण जनजातीले आफ्नो अधिकार राज्यसंग खोज्नु पर ेको आवश्यकता औल्याए ।

आदिवासी जनजाती महासंघ जिल्ला समन्वय परिषद महोत्तरीको छैठो जिल्ला अधिवेशनले धननारायण श्रेष्ठको अध्यक्षतामा २९ सदस्य नयाँ जिल्ला कार्य समिती चयन गरेको छ ।

जस्को बरीष्ठ उपाध्यक्षमा हर्क बहादुर तामाङ्ग उपाध्यक्षमा रिना मंडल सचिबमा मनिष समाल कोषा अध्यक्षमा सम्झना राई सह सचिबमा समशेर माझी उप सचिबमा शान्ति सिंह लगायतका रहेका छन् ।

# जलेश्वरमा शनिबार निःशुल्क स्वास्थ्य शिविर...

करिब सात महिना अगाडी मात्रै सञ्चालनमा आएको अम्बिका हस्पिटलले जलेश्वरमा विशेषज्ञ सेवा उपलब्ध गराउँदै आएको जानकारी दिनुहुदै अस्पतालका निर्देशक लालले भन्नुभयो,‘यही माटोमा हुर्केको र खेलेको कारण माटोको ऋण तिर्न नाफामुलक नभई सेवामुलक रुपमा अस्पताल सञ्चालन गरेको हुँ ।’ यो भन्दा अगाडी आफु जनकपुर नर्सिङ्ग क्याम्पसमा दुईदशक विताएको बताउनुहुदै लालले यसक्षेत्रका वासिन्दालाई स्वास्थ्य उपचारको लागि भार तीयक्षेत्र तथा टाढा जानुपर्ने वाध्यता हटाई आफ्नै गाउँ ठाउँमा कम खर्चमा सहज र सहुलियत उपचार होस् भन्ने चाहना आफ्नो रहेको बताउनुभयो ।

शिविरपश्चात सञ्चार कर्मीहरुसंग कुराकानी गर्नुहुदै कन्सल्टेन्ट न्युरोलोजिष्ट डा.विजय कुमार राउतले स्वास्थ्य शिविरमा आएका अधिकाँश विरामीहरु रोग लुकाएर बसेको देखिएको बताउनुहुदै यसक्षेत्रमा न्युरोको बिरामीहरु बढी हुन सक्ने आशंका गर्नुभयो। नशा च्याप्ने, हात खुट्टा झमझमाउने, स्पाइनल डिसअर्डर, माइग्रेनजस्ता बिरामीहरु बढी देखिएको र चेकजाँच पनि कम मात्रामा गराएको भेटिएको जानकारी दिनुहुदै डा.राउतले भन्नुभयो, ‘यसक्षेत्रमा न्युरोको बिरामीहरुको लागि अझ शिविरहरु गर्नुपर्ने आवश्यकता देखिएको छ । सरोकारबाला सबै मिलेर उपचार सेवा दिनु जरुरी छ ।’ त्यसैगरी कन्सल्टेन्ट फिजिसियन डा.अप्पु झाले शिविरमा महिला विरामीहरुको संख्या बढी देखिनु तथा महिला बिरामीहरुमा दमा,प्रेसर, गठिया,थाइराईडको विरामी बढी देखिएको बताउनुहुदै स्थानीय सरकारले महिला स्वास्थ्यको क्षेत्रमा काम गर्नुपर्ने आवश्यकता औल्याउनुभयो ।

## मटिहानीमा जलवायु मैत्री कृषि कार्यक्रमको परिचयात्मक गोष्ठी

**खबर दर्पण समाचारदाता**

**पुस २१ गते, बर्दिवास**

महोत्तरीको मटिहानी नगर पालिकाकोधिरापरु स्थित साना किसान कृषि सहकारी संस्था लिमिटेडको आयोजना तथा जिजिजिआई परियोजनाको आर्थिक सहयोग तथा मधेश प्रदेश भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको सहकार्यमा जलवायु मैत्री कृषि कार्यक्रम मार्फत वाढीग्रस्त क्षेत्रका कृषकहरुको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकको पुनः एकिकरणको लागि एक दिने परिचयात्मक कार्यक्रम शुक्रवार सम्पन्न भएको छ।

मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले सो कार्यक्रमको उदघाटन गरेका हुन। साना किसान कृषि सहकारी संस्था लि. धिरापुरका अध्यक्ष श्री सुशिला देवी ठाकुरज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भएको परिचयात्मक कार्यक्रम वारे प्रकाश पार्दै संस्थाका प्रवन्धक हेमचन्द यादवले ५६५ जना महिला सदस्य र सोही संख्यामा शेयर होल्डर रहके ासाना किसान कृषि सहकारी संस्था लि.धिरापुर को १ करोड १५ लाख निक्षेप रकम र ४ करोड ५५ लाख लगानी रहके ाबताए ।

उनले सोही ेभेगका कृषकहरु लाईतरकारी खेती, भैसी पालन, सुनमैलो भविष्य जस्ता कार्यक्रम चलाएर कृषकको स्तर उकास्न प्रयास गरिरहेको बताए । साथै विगत तिन वर्षमा १ करोड उपलव्ध गराउने सहयोगी संस्था कोइका र जी जी जी आईले २० हजार युएस डलर यस वर्षपहिलोकिस्ताकोरुपमा उपलव्ध गराएको उनले थपे ।

संस्थामा आवद्ध सदस्यहरुले सरंथाबाट पाप्त हनुेतालिमहरु तथा विभिन्न प्याकेजहरुले स्तरिय तरकारी खते ी लगायतमा राम्रोगर्दै गएको समेत प्रकाश पारे । कार्यक्रममा बोल्दै मटिहानी नगर पालिका प्रमुअ मण्डलले संस्थाले लामो समय देखि यस भेगका जनताहरुलाई सहजता प्रदान गर्दैआएकोबताउदैसंस्थाले जग्गा उपलब्ध गराउन सके भवन निर्माणको लागि पहल गरिदिने बताए । उनले संस्थामा सक्रिय महिलाहरुलाई शिपमूलक र आयमूलक तालिमको व्यवस्था पालिकाबाट गर्ने प्रतिवद्धता समेत जनाए ।

## नेपाल हृदयरोग निवारण प्रतिष्ठान महोत्तरी शाखामा नयाँ कार्यसमिति निर्वाचित



**खबर दर्पण समाचारदाता**

**पुस २१ गते, बर्दिवास**

नेपाल हृदयरोग निवारण प्रतिष्ठान महोत्तरी शाखाले नयाँ कार्यसमिति निर्वाचित गरेको छ।

शनिवार भएको दोश्रो साधारणसभाले दिपक कार्कीको नेतृत्वमा १५ जनाको कार्यसमिति सर्वसम्मतले निर्वाचित गरेको हो।

निर्वाचित हुनेहरुमा बरिष्ठ उपसभापतिमा भोज प्रसाद फुयाल, उपसभापतिमा रामवावु यादव, सचिवमा भवनाथ खतिवडा, स-सचिवमा डोरमणी ढकाल, कोषाध्यक्षमा पुजा हमाल निर्वाचित भएका छन्। त्यस्तै सदस्यहरुमा कृष्ण गौतम, कोसीका हमाल, इन्द्र नारायण सिलवाल, चन्द्रमणी क्षेत्री, बिशाल बस्नेत, सविना कार्की, इन्द्रदेव यादव, सूर्यनारायण साह, बैकुण्ठ देवकोटा र श्याम राउत निर्वाचित भएको प्रतिष्ठानले जनाएको छ।

निर्वाचित कार्यसमितिलाई बधाई तथा सुभकामना ब्यक्त गर्दै कार्यक्रमका प्रमुख अथिति लक्ष्मी महतो कोइरीले हृदयरोग निवारण महोत्तरी प्रतिष्ठानलाई थप अगाडी बढाउन मुख्य प्राथमिकतामा राखेर सहयोग गर्ने प्रतिबद्दता जनाए।

एक बर्षभित्र आफ्नै भवन वनाउन मदत गर्ने वताउदै महोत्तरी क्षेत्र.१ का संघिय संसद समेत रहेका कोइरीले बजेटवाट नभएतापनि निजि सहयोग गर्ने वताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य सारदादेवी थापा, नेपाल हृदयरोग निवारण प्रतिष्ठान मधेश प्रदेशका संयोजक मथुराम यादव लगायतको उपस्थिति रहेको थियो।

अहिले महोत्तरी प्रतिष्ठानमा १७६ सदस्य रहेका छन्।

## जलेश्वरमा शनिबार निःशुल्क स्वास्थ्य शिविर : 'रोग लुकाएर बसेको' चिकित्सकको भनाई




**खबर दर्पण समाचारदाता**

**पुस २१ गते, बर्दिवास**

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा शनिबार निःशुल्क स्वास्थ्य शिविर गरिएको छ । सो शिविरमा सय भन्दा बढी बिरामीहरुले विशेषज्ञ चिकित्सकहरुसंग सेवा लिएको जनाइएको छ । सदरमुकाम जलेश्वरमा सञ्चालित अम्बिका हस्पिटल एण्ड रिसर्च सेन्टरले जनकपुरको न्युरो हस्पिटलको सहयोगमा गरेको स्वास्थ्य शिविरमा न्युरोको बिरामीहरुले बढीभन्दा बढी सेवा लिएको जनाइएको छ।

स्वास्थ्य शिविरमा कन्सल्टेन्ट न्यूरोसर्जन डा.विजय कुमार राउत, कन्सल्टेन्ट फिजिसियन डा.अप्पु झा, कन्सल्टेन्ट गाइनाकोलोजिष्ट डा.रुवी सिंह, एमडिजीपी डा.कुन्दन कर्णलगायतकाले बिरामीहरुको उपचार गर्नुभएको अम्बिका हस्पिटल एण्ड रिसर्च सेन्टर जलेश्वरका निर्देशक जयकिशोर लाल (जेके लाल) ले जानकारी दिनुभयो। उहाँले शिविरमा नसा रोग, माइग्रेन, थाइराइड तथा प्रसुति समस्या सम्बन्धी बढी बिरामीहरुले स्वास्थ्य उपचार गराएको बताउनुहुदै शिविरमा ल्याव, एक्सरे, ईसिजी, अल्ट्रासाउण्डसहित निःशुल्क औषधी समेत वितरण गरिएको बताउनुभयो।

*बाँकी पृष्ठ ३ मा*



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**

**R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ**

**सलार १२-३ , डंकी ३-६ र सलार ७-१० बजे**








खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा